# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७४/१२/२७ गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको ।

-----------------------------------------------------------------

गुठी संस्थान शाखा कार्यालय, ललितपुरमा कार्यरत वरिष्ठ सहायक(नायव सुब्बा) जितेन्द्र चित्रकार र गुठी संस्थान शाखा कार्यालय ललितपुरबाट निबृत्तिभरण भई सोही कार्यालयमा सहयोगीको रुपमा काम गर्दै आएका अवकाश प्राप्त कार्यालय सहयोगी अनन्त श्रेष्ठले गोदावरी नगरपालिका वडा नं.८ स्थित रहेको जग्गाको मोही हक नामसारीका साथै जग्गा मोही हक खरिद बिक्रि सिफारिस गर्ने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले निजहरुलाई रु.२०,०००/-(बिस हजार) घुस वापतको रकम लिएको अवस्थामा निजहरुको कार्यालय परिसरबाट नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता